# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, चैत १८ गते, २०८० साल

## भाग १

## काठमाडौँ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ लाई संशोधन गर्न बनेको नियमावली, २०८०

**प्रस्तावना** : काठमाडौँ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम **"सार्वजनिक खरिद नियमावली (पहिलो संशोधन), २०८०"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>काठमाडौँ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४ को उपनियम (२) मा संशोधन</u>** : काठमाडौँ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :

"(२) उपनियम (१) बमोजिमको खरिद प्रणाली प्रयोग गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८०" बमोजिम हुनेछ ।"

३. **<u>मूल नियमावलीको नियम १० को उपनियम (२) मा संशोधन</u>** : मूल नियमावलीको नियम १० को उपनियम (२) को खण्ड (छ) हटाइएको छ ।

४. **<u>मूल नियमावलीको नियम १२ मा संशोधन</u>** : मूल नियमावलीको नियम १२ पछि देहायको १२क. थप गरिएको छ :

"**१२क.** **<u>निर्माण स्थलको व्यवस्था:</u>** (१) विभाग तथा वडा कार्यालयले निर्माण स्थलको सुनिश्चितता नगरी बोलपत्र आह्वान गर्नुहुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक निर्माण, अपग्रेडिङ, मर्मतसम्भार तथा अन्य आकस्मिक निर्माणको कार्य गराउँदा महानगरपालिकाको भौगोलिक क्षेत्र पुरै वा कुनै वडा क्षेत्र तोकी बोलपत्र आह्वान गर्न सकिनेछ ।

(३) यस नियम बमोजिम बोलपत्र आव्हान गरी खरिद सम्झौता भएपछि विभिन्न कारणले निर्माणस्थल उपलब्ध हुन नसकेमा खरिद सम्झौता र सोसम्बन्धी स्पेसिफिकेसन, बिल अफ क्वान्टिटिज र दररेटमा हेरफेर नगरी महानगरपालिका क्षेत्रभित्र अन्य निर्माणस्थलमा निर्माणसम्बन्धी खरिद गर्न यस नियमले बाधा पुगेको मानिनेछैन ।

(४) उपनियम (३) बमोजिम निर्माणस्थल परिवर्तन गर्नुपरेमा सोको पुष्ट्याइँसहितको प्रतिवेदन सम्बन्धित विभागबाट पेश भएपश्चात नगर कार्यपालिकाबाट स्वीकृत हुनुपर्नेछ ।"

५. **मूल नियमावलीको नियम २९ मा संशोधन** : मूल नियमावलीको नियम २९ को सट्टा देहायबमोजिमको नियम २९ राखिएको छ :

"२९. **बोलपत्रसम्बन्धी दस्तुर** : बोलपत्रसम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्रसम्बन्धी कागजात खरिद एकाइ वा वडा खरिद कक्षबाट देहायबमोजिमको दस्तुर तिरी लिनुपर्नेछ :

(क) बीस लाख रुपैयाँसम्म एक हजार रुपैयाँ,

(ख) बीस लाख रुपैयाँभन्दा माथि दुई करोड रुपैयाँसम्मको लागि तीन हजार रुपैयाँ,

(ग) दुई करोड रुपैयाँभन्दा माथि दस करोड रुपैयाँसम्मको लागि पाँच हजार रुपैयाँ,

(घ) दश करोड रुपैयाँभन्दा माथि पच्चिस करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ,

(ङ) पच्चिस करोड रुपैयाँभन्दा माथि जतिसुकै रकमका लागि बीस हजार रुपैयाँ ।"

६. **मूल नियमावलीको नियम ३३ मा संशोधन** : मूल नियमावलीको नियम ३३ हटाइएको छ ।

७. **मूल नियमावलीको नियम ३४ मा संशोधन** : मूल नियमावलीको नियम ३४ हटाइएको छ ।

८. **मूल नियमावलीको नियम ३७ मा संशोधन** : मूल नियमावलीको नियम ३७ को सट्टा देहाय बमोजिमको नियम ३७ राखिएको छ :

"३७. **सोझै वार्ताबाट खरिद गर्न सक्ने** : (१) कार्यालयलाई उपयोगी र आवश्यक पर्ने तालीम, गोष्ठी, सेमिनार र सम्मेलन जस्ता विषयमा मात्र सेवा लिनुपरेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवा विभागीय प्रमुख/वडा सचिवले र सोभन्दा माथि बीस लाख रुपैयाँसम्मको हकमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी सोझै वार्ताबाट खरिद गर्न सकिनेछ ।"

९. **मूल नियमावलीको नियम ३८ मा संशोधन** : मूल नियमावलीको नियम ३८ पछि देहायको नियम ३८क. थप गरिएको छ :

"३८क. **सोझै खरिदसम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ४१ को उपदफा (१) खण्ड (क) बमोजिम खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ र यस नियमावली बमोजिम सोझै खरिद गर्न सकिनेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक सूचना प्रकाशन गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्रमार्फत मालसामान खरिद गरेको र सोही आर्थिक वर्षमा पुनः सोही मालसामान खरिद गर्नुपर्ने भएमा स्वीकृत दररेटमा एक तहमाथिको अधिकारीबाट निर्णय गरी सोही बोलपत्रदाता वा दरभाउपत्रदाताबाट बढीमा ५० प्रतिशतसम्म खरिद गर्न सक्नेछ ।"

१०. **मूल नियमावलीको नियम ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (१) राखिएको छ :

"(१) कार्यालयले बोलपत्र वा प्रस्तावहरुको मूल्याङ्कन गर्नका लागि ऐनको दफा ७१ बमोजिम देहायका पदाधिकारी रहने गरी प्रमुख प्रशासकीय अधिकृतले मूल्याङ्कन समितिको गठन गर्नुपर्ने छ :"

११. **मूल नियमावलीको नियम ४२ उपनियम (१) को खण्ड (क) मा संशोधन** : मूल नियमावलीको नियम ४२ उपनियम (१) को खण्ड (क) को सट्टा देहायबमोजिमको खण्ड (क) राखिएको छ :

"(क) कार्यालयमा कार्यरत वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) -अध्यक्ष "

१२. **मूल नियमावलीको नियम ४२ उपनियम (२) मा संशोधन** : मूल नियमावलीको नियम ४२ उपनियम (२) को सट्टा देहायबमोजिमको उपनियम (२) राखिएको छ :

"(२) वडास्तरीय सार्वजनिक खरिद प्रक्रियामा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउपत्र परीक्षण तथा मूल्याङ्कन गर्न प्रमुख प्रशासकीय अधिकृतबाट मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।"

१३. **मूल नियमावलीको नियम ४२ मा संशोधन** : मूल नियमावलीको नियम ४२ को उपनियम (३) हटाइएको छ ।

१४. **मूल नियमावलीको नियम ४२ उपनियम (५) मा संशोधन** : मूल नियमावलीको नियम ४२ उपनियम (५) को सट्टा देहायबमोजिमको उपनियम (५) राखिएको छ :

"(५) बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारी, आमन्त्रित र सहयोगीले नियमानुसार बैठक भत्ता तथा परिवहन खर्च पाउनेछन् ।"

१५. **मूल नियमावलीको नियम ४३ उपनियम (१) मा संशोधन** : मूल नियमावलीको नियम ४३ उपनियम (१) को सट्टा देहायबमोजिमको उपनियम (५) राखिएको छ :

"(१) मूल्याङ्कन समितिले बोलपत्रको मूल्याङ्कन गरेपछि सोको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीसमक्ष पेस गर्नुपर्नेछ ।

तर, वडा कार्यालयबाट भएको खरिदमा भने तोकिएको मूल्याङ्कन समितिले वडा सचिवसमक्ष पेस गर्नुपर्नेछ ।"

१६. **मूल नियमावलीको नियम ४६ संशोधन** : मूल नियमावलीको नियम ४६ खण्ड (क), (ख) र (ग)को सट्टा देहायबमोजिमको खण्ड (क) (ख) र (ग) राखिएको छ :

"(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित विभागीय प्रमुख (वडा कार्यालयको हकमा प्रशासन विभागका प्रमुख) ले,

(ख) पाँच प्रतिशतभन्दा माथि पन्ध्र प्रतिशतसम्मको भेरिएसन प्रमुख प्रशासकीय अधिकृतले,

(ग) पन्ध्र प्रतिशतभन्दा माथि पच्चिस प्रतिशतसम्मको भेरिएसन प्रमुखले,

(घ) पच्चिस प्रतिशतभन्दा माथिको भेरिएसन नगर कार्यपालिकाले ।"

१७. **मूल नियमावलीको नियम ५१ मा संशोधन** : मूल नियमावलीको नियम ५१ हटाइएको छ ।

स्वीकृत मिति : २०८०/१२/१८

**आज्ञाले**
**प्रदीप परियार**
**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौँमा मुद्रित ।**